# रेडप्लसमा सुशासन र लाभांश बाँडफाँटः सरोकारवालाको दृष्टिकोण[१]

गोविन्द पौडेल[२] र राहुल कार्की

## परिचय

वनको समुचित व्यवस्थापनको माध्यमबाट कार्बन सञ्चितिमा योगदान पुऱ्याउने समुदायहरुलाई कार्बन सञ्चिति गरी जलवायु परिवर्तन न्यूनीकरण गर्न सहयोग पुऱ्याए बापत प्रोत्साहनस्वरुप आर्थिक सहयोग पुऱ्याउने रणनीतिलाई नै रेड भनिन्छ । वन पैदावरका अतिरिक्त कार्बन सञ्चिति मार्फत पनि वन व्यवस्थापकले आर्थिक लाभ प्राप्त गर्नसक्ने कार्यक्रम भएकाले यस्तो रणनीतिको चर्चा परिचर्चा संसारभरि नै भइरहेको छ (Angelsen and MC Neil 2012) । नेपालमा पनि यो कार्यक्रमको सुरुदेखि नै व्यापक बहस र प्रचार-प्रसार भैरहेको छ (Khatri and Paudel 2013) । यसले गर्दा, राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा, वन फँडानी एवं क्षयीकरण न्यूनीकरण गर्ने उद्देश्यले रेडप्लसका विभिन्न कार्यक्रम आयोजना गर्ने क्रम पनि बढिरहेको छ (Silori *et al.* 2013) । वनमा आधारित समुदायको जीविकोपार्जन एवं कार्बन उत्सर्जनको कटौतीमा रेडप्लसले व्यापक सुधार ल्याउँछ भन्ने मान्यताले पनि राष्ट्रियस्तरका बहस र रेडप्लससम्बन्धी कार्यक्रम तीव्ररुपमा अगाडि आएका छन् । यसकारण सरोकारवालाहरु रेडप्लसको सुरुवातसँग सम्बन्धित विभिन्न प्रक्रिया तथा कार्यक्रमहरुमा संलग्न हुन प्रेरित भईरहेका देखिन्छन् ।

यद्यपि, रेडप्लस प्रक्रियाको सम्बन्धमा विभिन्न धारणा एवं तर्क अगाडि सारिएका छन् । जलवायु परिवर्तनलाई सम्बोधन गर्ने सबैभन्दा उपयुक्त विकल्पको रुपमा रेडप्लसलाई लिइएको छ । यसमा मुख्यगरी तीनवटा प्रमुख कारण छन् । पहिलो, जलवायु परिवर्तनबाट उत्पन्न समस्या समाधान गर्न वन संरक्षण नै सस्तो र दिगो उपाय हो (Stern, 2006) साथै रुख कटान गरेर भन्दा पनि खडा रुखबाट नै मनग्य आम्दानी भइरहने हुनाले यो सफल रणनीतिको रुपमा देखिएको छ (Angelsen *et al* 2012) । दोस्रो, एउटा ठाउँमा भएको कार्बन उत्सर्जनलाई अर्को ठाउँमा रुख बिरुवा हुर्काएर सन्तुलन गर्न सकिने भयो (Skutsch and Desong 2010) । तेस्रो, रेडप्लसमार्फत कार्बनबाहेक अन्य फाइदाहरु जस्तै सामाजिक गरिबी न्यूनीकरण, सामाजिक विकास साथै पर्यावरणीय फाइदा लिन सकिन्छ (Bush *et al.* 2010) । अन्य लेखहरुमा उल्लेख भए अनुसार, जलवायु परिवर्तन न्यूनीकरणका लागि एकीकृत रुपले विकसित राष्ट्रहरुले विकासन्मुख राष्ट्रहरुलाई आर्थिक सहयोग गर्नुपर्ने हुन्छ (Angelsen and Mc Neill 2012 )।

यति हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय स्तरमा भइरहेका छलफलहरुमा रेडको सस्थांगत र आर्थिक विकास, कार्यन्वयन एवं लाभांस बाँडफाँट जस्ता प्रक्रियाहरुमा अझै सहमति भइसकेको छैन (Angelsen *et al.* 2013) । यही कारणले गर्दा रेडप्लस दिन प्रतिदिन जटिल बन्दै गइरहेको छ (Anglesen *et al.* 2012) जसका कारण यसको कार्यान्वयन ढिलो र अप्ठ्यारो हुँदै जानु स्वभाविक हो (Mansen *et al.* 2009) । रेडप्लसको विपक्षमा पनि केही विज्ञहरुले आफ्नो तर्क अगाडि सारेका छन्। उनीहरुका अनुसार रेडप्लसले समुदायले पाउँदै आएका अधिकारहरु कटौती हुने (Phelps *et al.* 2010), र उनीहरुको वनमाथिको पहुँच कम हुने (Graham *et al.* 2013), तथा जैविक विविधता र वातावरणीय सेवामा नकारात्मक प्रभाव पर्ने (CBD 2010) जस्ता विषयमा तर्क पाइन्छ । अझ कतिले त रेडप्लसलाई "$CO_2$ Conialism of forest" (विकसित देशले अरु देशलाई नियन्त्रण गर्ने) रणनीति हो भनेका छन् । जसमा जनता, राजनीति एवं जलवायुप्रति झुटो आशा एवं पूरा नहुने बाचाको फेहरिस्त दिइएको छ (Goldtooth 2010) ।

[१] फरेष्टएक्सनको The Journal of forest and livelihood [vol 11 (2): 2013] प्रकाशित "REDD+ governance, benefit sharing and the community: Understanding REDD+ from stakeholders prespective in Nepal" शीर्षकको लेखको नेपाली अनुवाद ।

[२] पत्राचारः govinda@forestaction.org

नेपालमा रेडप्लस वरिपरि केही महत्वपूर्ण सवाल उठेका छन् । जसमध्ये (१) सरोकारवालाहरु रेडप्लसप्रति आशावादी कि निरासावादी होलान्?; (२) सरोकारवालाहरु रेडप्लसमार्फत समुदाय वा देशलाई फाइदा हुने सम्भावना देख्छन् कि देख्दैनन् ? (३) रेडप्लसबाट प्राप्त हुने फाइदाहरु वन संरक्षणका साथै समुदायमा (कसरी) पुऱ्याउन सकिएला? (४) रेडप्लसबाट प्राप्त लाभांश कसरी बाँडफाँट गर्न सकिन्छ ? यी प्रश्नहरुको बारेमा सबै सरोकारवालाले राम्रो जानकारी लिनै पर्ने हुन्छ । केही अध्ययनले पनि रेडप्लससम्बन्धी यस्ता विषयमा थप छलफल र स्पष्टताको खाँचो रहेको देखाउँछन् (Romijin *et al.* 2012) । Puromon *et al.* (2012) का अनुसार वन व्यवस्थापन गरिरहेका समुदायमा जबसम्म पर्याप्त र स्पष्ट जानकारी, अधिकार एवं नेतृत्व हुँदैन तबसम्म उनीहरुले रेडप्लसको आवश्यकताका बारेमा स्वतन्त्र रुपले निर्णय लिन सक्दैनन् । त्यसैकारण माथि उल्लेखित प्रश्नहरुको उत्तर खोज्नु जरुरी भएको हो ।

यी र यस्ता वादविवादको बाबजुद, नेपालले विश्व बैंकको फरेष्ट कार्बन पार्टनरसीप फ्यासिलिटीको (एफसिपिएफ) साझेदारीमा तत्तपरता प्रस्ताव (आरपिपी) बनाएर रेडप्लसको तयारी सुरुवात गरेको छ । नेपालमा समन्वय रेडप्लस प्रक्रियाको रेड फरेष्ट्री एवं जलवायु परिवर्तन इकाइले (रेडसेल) गरिरहेको छ । एफसिपिएफको आर्थिक सहयोगमा आरपिपीको कार्यान्वयनबाहेक रेडप्लस प्रक्रियालाई सहयोग गर्ने अन्य परियोजना जस्तै अध्ययन एवं अनुसन्धान, क्षमता अभिबृद्धि, रेडप्लस परियोजनाको परीक्षण, राष्ट्रिय-अन्तर्राष्ट्रिय फोरममा कार्यशाला एवं छलफलजस्ता कार्यक्रमको आयोजना भइरहका छन् । यसका साथसाथै राष्ट्रिय रेडप्लस रणनीति पनि तयार भइरहेको छ । यी प्रक्रियाहरुमा नेपाल सरकारका साथै विभिन्न सरोकारवालाहरु-शैक्षिक संस्था, अनुसन्धानकर्ता, दाता एवं अन्तर्राष्ट्रिय संघ संस्था, महासंघ एवं सञ्जाल, र विज्ञहरु सक्रियरुपमा संलग्न भइरहेका छन् । रेडप्लस एवं अन्तर्राष्ट्रिय स्तरमा भइरहेका बहसहरुलाई बुझ्ने साथै यसको कार्यान्वयन अगाडि बढाउन यससँग सम्बन्धित सरोकारवालाको दृष्टिकोण के हो र उनीहरुले यसलाई कसरी हेरिरहेका छन् भन्ने कुरा बुझ्न-बुझाउन आवश्यक देखिएको छ । त्यसैकारण हामीले रेडप्लससँग सम्बन्धित प्रमुख ११ जना सरोकारवालासँग अन्तर्क्रिया गरेका थियौं । रेडप्लस प्रक्रियामा लामो एवं दिगो संलग्नताको आधारमा ती सरोकारवालाहरुको छनोट गरिएको थियो । नेपाल सरकारका कर्मचारी, शैक्षिक संस्था, अन्तर्राष्ट्रिय संघ संस्था, महासंघ एवं सामुदायिक सञ्जाल, सञ्चार क्षेत्रका व्यक्तिहरुसँग अन्तर्क्रिया गरिए उहाँहरुका विचारलाई यो लेखमा समेटिएको छ ।

सरोकारवालाहरुको रेडप्लसप्रतिको धारणा लिने क्रममा मुख्यगरी चारवटा प्रश्न सोधिएको थियो । (१) नेपालमा रेडप्लसको सन्दर्भ, विशेषगरी सामुदायिक वनको सन्दर्भमा तपाईको विचार कस्तो छ ? (२) वर्तमान प्रक्रियाले रेडप्लस वरिपरिका चुनौतीहरुलाई कत्तिको सम्बोधन गरेको छ? (३) रेडप्लसको लाभांश भुक्तानी प्रणालीका साथै भुक्तानीको आधारकस्तो हुनुपर्छ ? र (४) रेडप्लसलाई समुदायको हितका लागि सहयोगी बनाउन कस्तो सुझाव दिनुहुन्छ ?सरोकारवालाहरुसँग प्रत्यक्ष अन्तर्वार्ता, इमेल एवं टेलिफोनमा कुराकानी गरिएको थियो ।

सरोकारवालासँग गरेको अन्तर्क्रियाको सारांशको एक प्रति सम्बन्धीत व्यक्तिलाई पठाइ रुजु गरिएको थियो । लेखको पहिलो खण्डमा, प्रत्येक व्यक्तिको धारणा एवं दृष्टिकोण प्रस्तुत गरिएको छ भने अन्तिम खण्डमा उक्त धारणाहरुको आधारमा विश्लेषण प्रस्तुत गरिएको छ ।

## रेडप्लस प्रक्रियामा सरोकारवालाको दृष्टिकोण

***नरेन्द्र चन्द,***
***रेड फरेष्ट्री एवं जलवायु परिवर्तन इकाइ, वन तथा भू-संरक्षण मन्त्रालय (रेड सेल)***



हामीले कार्बन एवं गैरकार्बन दुवैबाट भुक्तानी लिन सक्यौं भने मात्र रेडप्लस नेपालको लागि फाइदाजनक हुने हो । तर, रेडप्लसको सफलता खासगरी हामीले वन फँडानी एवं क्षयीकरणको मुद्दाका चुनौतिहरुलाई कति सफलतापूर्वक सम्बोधन गर्न सक्छौ भन्नेमा भर पर्छ । यसका लागि रेडप्लस प्रक्रियामा संलग्न भएका सरोकारवालाको बीचमा, मुख्यत आनीबानी परिवर्तनको आवश्यकता छ । यदि यो साँच्चिकै लागू हुन सक्यो भने रेडप्लसले राष्ट्रको जैविक विविधताका

साथै दिगो वन व्यवस्थापनमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। तर वर्तमान राजनीतिक अस्थिरताको कारण वन फँडानी रोक्नका निम्ति बनाइएका योजना सफल नहुने खतरा बढेको देखिन्छ।

रेडप्लसले सुरुवातदेखिनै समावेशी एवं सहभागीमूलक प्रक्रियालाई प्रर्वधन गरेको छ। तथापि रेडप्लसमा संलग्न भएका संघसंस्था एवं व्यक्ति यसको लागि न पूर्ण रुपले तयार भएका छन्, न त यसका चुनौतीहरुलाई आत्मसात नै गर्न सकेका छन्। यसका साथै रणनीतिक कार्य, जसले वन फँडानी एवं क्षयीकरणलाई सम्बोधन गर्ने भनिएको थियो, ती पनि पर्याप्त छैनन्। हामीले सबै सरोकारवालाको चासोलाई सम्बोधन गर्न कोशिस गरिरहेका छौं तर सम्पूर्ण सरोकारवालको आकांक्षालाई आत्मसात गर्न भने गाह्रो भइरहेको छ।

रेडप्लसको भुक्तानी प्रणालीको सम्बन्धमा, सरकार एवं ट्रष्ट, फन्ड दुवैको संयुक्त अभ्यास नै वन उपभोक्ता बीच लाभांश प्रभावकारी एवं पारदर्शी रुपले पुऱ्याउने उपयुक्त विकल्प हो। वनका उपभोक्तालाई कार्बन अभिवृद्धि, कार्बन सञ्चिति, गैरकार्बन सेवा एवं जैविक विविधता संरक्षणका आधारमा भुक्तानी गर्नुपर्छ।

रेड सेलले, रेडका सरोकारवाला एवं व्यक्ति लगायत सम्बन्धित सरकारी निकायहरु वीचमा समन्वयकर्ताको भूमिका खेलेको छ। रेडप्लससँग सम्बन्धित नीति निर्माण प्रक्रियामा पनि रेड सेलले भाग लिने छ र भविष्यमा रेड सम्बन्धी छलफलका साथै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा रेड भुक्तानी प्रणालीमा सहयोगी भूमिका खेल्नेछ।

**भरतकुमार पोखरेल**

***हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपाल***



रेडप्लसबारे भइरहेका संभाषण एवं यसका प्रभाव हेर्दा वनमा निर्भर समुदायलाई सोचेजस्तो फाइदा पुऱ्याउन सकेको देखिन्न। नेपालमा रेडप्लस सुसंगत छ कि छैन? समुदायमा आधारित वन शासनप्रणालीसँगको सम्बन्ध, स्थानीय समुदाय एवं निजी वन तथा उपभोक्ताहरुको जमिनमाथिको अधिकारको सीमाका साथै स्थानीय समुदाय एवं निजी जग्गावालाहरुको वन व्यवस्थापन र यसको पुर्नस्थापनामा भूमि पहिचान गर्ने राष्ट्रिय एवं स्थानीय सरकारको नीतिगत स्पष्टता एवं कानुनी संरचनामा भर पर्छ। सरकारले सामुदायिक वन वरिपरिका, स्थानीय समुदायका साथै निजी जग्गा धनीहरुका आवश्यकता अतिरिक्तता, स्थिरता, चुहावट, वैज्ञानिक मापन एवं प्रयोगात्मक शिक्षाको सवाल पूरा गर्न नसक्ने स्थिति देखिन्छ। रेडप्लस तराईका गैरसामुदायिक वन क्षेत्रलाई पनि असान्दर्भिक हुने देखिन्छ। नयाँ वन क्षेत्रको सिर्जना, वन फँडानी एवं क्षयीकरणको दरलाई यसले घटाउने यसको उद्देश्य पूरा गर्न सक्दैन। विकेन्द्रीकरणले मात्र रेडप्लसको उद्देश्यलाई पूरा गर्न सक्छ। वास्तविक विकेन्द्रीकरण जवाफदेही, लोकतान्त्रिक एवं गरिबमुखी हुने सरकारबाटमात्र सम्भव छ।

मिश्रित एवं समानुपातिक प्रतिनिधित्वको कुरा गर्दा नेपालमा स्थायी स्थिर सरकारको सम्भावना न्यून भएको छ। त्यसले गर्दा प्रभावकारी रेडप्लसको सम्भावनामा पनि कमी देखिन्छ। तर, स्वयंसेवी बजार एवं वन तथा जलवायु परिवर्तनको क्षेत्रमा केही समय नेपालमा विकासे निकायहरुको निरन्तरतालाई विकल्पको रुपमा पनि लिन सकिन्छ। जहाँसम्म हाम्रो संस्थाको भूमिकाको कुरा छ, अन्तर्राष्ट्रियस्तरमा हामी हाम्रा विकास साझेदारहरु एवं सरकारी प्रतिनिधिहरुसँग, रेडप्लसको नीतिलाई वनमा आधारित गरिब तथा स्थानीय समुदायको हितमा बनाउने कार्यमा संलग्न गराउँदै आएका छौं। नेपालमा हामीले सरकार, स्थानीय समुदाय, निजी क्षेत्र, शिक्षक, बालबालिका, युवा क्लब एवं कृषकलाई राष्ट्रिय एवं स्थानीय स्तरको अनुकुलन एवं न्यूनीकरण प्रक्रियाको सम्भावित फाइदा एवं बेफाइदाबारे जनचेतना विकासका लागि सहयोग गरिरहेका छौं। यसका लागि उनीहरु कुन कार्यमा संलग्न हुन चाहन्छन् त्यो उनीहरुमै निहीत छ। हाम्रो संस्थाले के मनन गरेको छ भने, नेपाली कृषक एवं स्थानीय समुदायहरुले आफ्नो समय एवं शक्ति जलवायु परिवर्तन अनुकूलनमा खर्च गऱ्यो भने फाइदाजनक हुन्छ।

## भास्कर कार्की

***एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)***



सैद्धान्तिक रुपमा रेडप्लस नेपालमा सान्दर्भिक छ तर वास्तविक कार्यान्वयनको दृष्टिकोणवाट हेर्दा यो कत्तिको सान्दर्भिक छ भन्ने कुरा अझै थाहा हुन सकेको छैन । मुख्य रुपले यससम्बन्धी नीति-नियम एवं सम्झौताले यसको प्रयोजन एवं व्यवहारिकतालाई निर्धारण गर्नेछ, जो अझै निश्चित हुन बाँकी छ । यद्यपि रेडप्लसको भुक्तानी कसरी र कुन आधारमा हुनुपर्छ, भन्ने बारेमा हामीले अगाडि नै धारणा बनाइसकेका छौं । रेडप्लसको भुक्तानी, प्रमुख दुई मापदण्डका आधारमा हुनुपर्छ, कार्बन र जनसंख्याको घनत्व । यो हाम्रो रेडप्लसको परिक्षण परियोजनाको सिकाई पनि हो । रेडप्लस भुक्तानी, न गरिबी न्यूनीकरण, न त सामाजिक उन्नतिको कार्यक्रम हो । यसमा लगानीकर्ताहरु मुख्यरुपले, कार्बन सञ्चिति बढाउनको लागि भुक्तानी बढाउने एवं सिर्जना गर्ने क्रियाकलापहरुमा इच्छुक छन् । चाहेको उद्देश्य पूर्ति गर्ने साझा, प्रभावकारी एवं दिगो रेडप्लस कार्यन्वयन प्रक्रिया बनाउनका लागि अझै धेरै प्रयासको खाँचो छ । क्षेत्रीय रेडप्लस सरोकारवालाबीच नयाँ जानकारी आदानप्रदान गर्ने क्षेत्रीय सिकाई मञ्चको हिसावले, इसिमोडले यसका क्षेत्रीय सदस्य, राष्ट्र एवं तिनका केन्द्रहरुलाई, रेडप्लसको परीक्षण एवं यसका सिकाइहरुलाई सहयोग गर्ने गरेको छ ।

## सन्तोष रायमाझी

***वन विज्ञान अध्ययन संस्थान, पोखरा***



सरकार अथवा स्थानीय समुदाय, जसले भुक्तानी प्रणालीको सञ्चालनगरे पनि, नेपालको वन व्यवस्थापनमा सहयोग पुऱ्याउनको लागि रेडप्लस धेरै नै सान्दर्भिक छ । नेपालमा वन व्यवस्थापन एवं यसको क्षेत्र विस्तारका लागि रेडप्लसले प्रोत्साहकको भूमिका खेल्न सक्छ । रेडप्लसको भुक्तानी, रेडप्लसको सुरुवातमा गरिएको मापनको तुलनाम थप कार्बन सञ्चिति हुनुपर्छ । रेडप्लसलाई सफल बनाउनका लागि एउटा राष्ट्रियस्तर को रेडप्लस कोष स्थापना गर्न आवश्यक छ र नेपालमा भएका विभिन्न किसिमका वनहरुले जति कार्बन सञ्चिति गर्छन्, त्यसको आधारमा भुक्तानी हुनुपर्दछ । कार्बन सञ्चितिको मापन एवं नियमित सर्वेक्षणका लागि जि.आई.एस. र लाइडारजस्ता आधुनिक प्रविधि र स्थलगत सर्वेक्षण गर्न वन तथा भूसंरक्षण मन्त्रालयका साथै यसका विभागलाई परिचालन गर्नुपर्छ । वन क्षेत्रका कर्मचारीको क्षमता बृदिका साथै सांगठनिक भूमिका जस्तै, अनुगमन, क्षमता अभिवृद्धि, अनुसन्धान एवं दस्तावेजिकण आदिका निम्ति तयारी गर्नुपर्छ । वन विज्ञान अध्ययन संस्थान, एक प्राज्ञिक संस्था भएको नाताले मुख्यतः यसका तीन प्रमुख भुमिका हुन सक्छन् - (१) नयाँ वन प्राविधिकलाई रेडप्लसको अवधारणा, सिद्धान्त एवं प्रक्रियाका बारेमा तालिम एवं दिशानिर्देश गर्ने । (२) रेडप्लसको आधारभूत प्रक्रिया एवं लाभांश बाँडफाँटको संरचनाको अनुसन्धानका साथै नीतिगत पृष्ठपोषण गर्ने । (३) गोष्ठी, कार्यशाला एवं प्रकाशनको माध्यमबाट अनुसन्धानका परिणाम, राष्ट्रिय नीतिगत कार्यान्वयन एवं रेडप्लसको कार्यविधिबारे जानकारी दिने ।

## अप्सरा चापागाईं

***सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकेफन)***



हामीले रेडप्लसको परीक्षण तीनवटा जिल्लामा गऱ्यौं । १६ जिल्लाहरुमा यसबारे जनचेतना अभिवृद्धि कार्यक्रमहरु गरिरहेका छौं । परियोजना कार्यान्वयनका क्रममा हामीले सामुदायिक वन एवं रेडप्लसको आधारभूत उद्देश्य पनि उस्तै भएको पायौं । जस्तै, रेडप्लस परियोजनाअन्तर्गत भएका दिगो वन व्यवस्थापन एवं वैकल्पिक ऊर्जा प्रवर्द्धनजस्ता कार्यक्रम पहिल्यै सामुदायिक वन विकासअन्तर्गत समुदायहरुले प्रयोग गरिरहेका छन् । त्यसकारण रेडप्लसले सामुदायिक वन कार्यक्रममा विशेषगरी वन व्यवस्थापन गर्ने सम्बन्धमा आफ्नो भूमिका थपेको पायौं । यद्यपि मलाई रेडप्लसले धेरै परिवर्तन गर्छ जस्तो लाग्दैन तर यसले दिगो वन व्यवस्थापनका क्रियाकलापलाई सहयोग भने गर्नेछ ।

नेपालको रेडप्लस सम्झौताका लागि वार्ता गर्ने क्षमता एवं सामुदायिक वन उपभोक्ता समूहहरुले प्राप्त गर्ने फाइदा हेर्दा वास्तविक वन संरक्षकहरुले के पाउँछन् भन्ने कुरा अझैं निश्चित छैन । यसका साथै भूमि अधिकार रुपान्तरणलाई प्रेरित गर्ने निती बन्छ कि बन्दैन भन्ने पाटो पनि स्पष्ट हुन बाँकी नै छ। बन क्षेत्रको जमिनमा सरकारको अधिकार छ तर वन स्रोत समुदायले उपयोग गरेको कारणले गर्दा वन पैदावार, कार्बन एवं अन्य वातावरणीय सेवाजस्ता माथि उल्लेख गरिएका अधिकारहरु अझै अष्पष्ट एवं द्धिविधाजनक छन् । यस बाहेक पनि केही प्रश्नहरु सम्बोधन हुन बाँकी नै छन् जस्तै लाभांश निष्पक्ष तरिकाले समुदायमा कसरी पुऱ्याउने ? र गरिब तथा सीमान्तकृत समुदायका समस्यालाई कसरी सम्बोधन गर्न सकिन्छ ? सम्बोधन हुन बाँकी नै छन् ।

नेपालमा रेडप्लसको तयारी क्रममा सरकारले नीति तथा कार्यक्रम बनाउने/ल्याउने प्रयास गरिरहेका छ। तर यो भन्दा पहिलेका नीति तथा प्रक्रियाहरु हेर्दा रेडप्लसको ती निष्पक्ष, प्रजातान्त्रिक एवं समावेशीकरण होलान् भन्ने प्रश्न पेचिलो बन्दै गएको छ। यसैगरी सरकारको अगुवाइमा सञ्चालन भइरहेको रेडप्लसका कार्यक्रम बास्तविक रुपमा विकेन्द्रित हुन सकेका छैनन् । जिम्मेवार संस्था भएको नाताले फेकोफनले आफ्ना कार्यक्रमहरु उपभोक्तालाई केन्द्रविन्दुमा राखेर सञ्चालन गर्दै आएको छ । सामुदायिक वन उपभोक्ताहरुको छाता संगठन भएको नाताले फेकोफनलाई रेडप्लसका सम्पूर्ण कार्यक्रमहरुमा संलग्न गराउनु पनि आवश्यक छ ।

**रमा आलेमगर**

***हिमालय ग्रामिण प्राकृतिक स्रोत व्यवस्थापन महिला समूह (हिमवन्ती) नेपाल***



वर्तमान परिस्थितिमा, राष्ट्रियस्तरमा सरोकारवालाहरु रेडप्लसप्रति सजग एवं समर्पित छन् । रेडप्लस, कुन हिसावले सकारात्मक छ भन्दाखेरी यसले सरोकारवालालाई सजग, क्षमतावान एवं आफूप्रति समर्पित बनाएको छ । तर यसको नीति बनाउन र यसलाई कार्यान्वयन गर्न सोचेजस्तो सजिलो छैन । विकसित राष्ट्रहरुबाट रेडप्लसको भुक्तानी कसरी लिने भन्ने सन्दर्भमा तत्काल स्पष्टताको आवश्यकता छ ।

रेडप्लस रणनीति बनाउँदाको प्रक्रिया समावेसी एवं सहभागीमुलक हुन जरुरी छ। सबै सरोकारवाला, विशेषगरी महिलाहरु, कुनै न कुनै रुपले सहभागी हुनु आवश्यक छ । यसका लागि केही अप्ठ्यारा छन् जसलाई हटाउनु पर्दछ । जस्तै भाषा सबैले बुझ्ने एवं अर्थ लगाउन सकिने हुनुपर्छ । उपयुक्त अनुगमन प्रक्रियाको व्यवस्था हुनुपर्‍यो । यस्तै गरी नीति नियम पनि स्थानीय स्तरमा लाभांश पुग्न सक्ने र लाभान्स बाँडफाँटको लागि निष्पक्ष किसिमको हुनुपर्‍यो । यसका साथै विगत चार वर्षको परीक्षण परियोजनाले सिकाएजस्तै महिला एवं दलितको प्रतिनिधित्व रेडप्लस कार्यान्वयनको हरेक तहमा हुन आवश्यक छ। भुक्तानी प्रणाली सरल एवं प्रभावकारी बनाउन धेरै तहहरु हटाउनु आवश्यक छ। प्रभावकारी एवं निष्पक्ष ढंगबाट रेडप्लस कार्यन्वयन गर्न महिला एवं सीमान्तकृतका संस्थाहरुलाई भुक्तानी प्रणालीका साथै कार्बन ट्रष्ट फन्ड वितरण समितिमा पनि स्थान दिइनु आवश्यक छ।

**पासाङ डोल्मा शेर्पा**

***नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)***



रेडप्लसले जनजाति र वनमा आधारित समुदायको सरोकारका साथै उनीहरुको परम्परागत भोगचलन, ज्ञान एवं जीविकाका चासोहरुलाई यथेष्ट सम्बोधन गर्न सकेको खण्डमा मात्र नेपालको लागि सान्दर्भिक हुन सक्दछ। फरक फरक तहहरुमा रेडप्लसका विभिन्न क्रियाकलाप भइरहेका छन् । तर राष्ट्रिय रेडप्लस रणनीतिले जनजातिको चासो एवं समस्याको सम्बोधन गर्न भने अझैं सकेको छैन । वर्तमान अवस्थामा बन्दै गरेको निती-नियमले जनजाति तथा अन्य सरोकारवालाको समस्या एवं चुनौतीहरुलाई सम्बोधन गर्छ कि गर्दैन भन्ने कुरा सम्बन्धित सरकारी निकाय एवं विज्ञहरुको बुझाईमा भर पर्छ ।

जनजाति महासंघले जलवायु परिवर्तन एवं रेडप्लसका चुनौतीबारेमा जनजाति बीच जनचेतना एवं क्षमता अभिवृद्धि गर्ने कार्यमा महत्वपुर्ण भुमिका खेल्दै आएको छ। जनजातिलाई सहयोग गर्ने, नीति-नियम एवं कार्यक्रमहरुमा अर्थपूर्ण सहभागिता सुनिश्चित गराउनु हाम्रो दायित्व हो। यसले दिगो वन व्यवस्थापनलाई पनि सुनिश्चितता प्रदान गर्ने छ।

### सुनील परियार

***प्राकृतिक स्रोतको लागि दलित अधिकार मञ्च, नेपाल (डानार)***



नेपालमा रेडप्लस कार्यन्वयनले गरिब तथा दलित समुदायलाई खासै फरक पार्ने देखिँदैन। दलित समुदायहरु आफ्नो जीविकाको लागि वन स्रोतमा निर्भर छन् तर वन सम्बन्धी विभिन्न कार्यक्रम लागू भएता पनि धेरै जसो मामलामा उनीहरु वनस्रोतमाथिको अधिकारबाट भने वञ्चित छन्। नीतिगत प्रक्रियामा उनीहरुको अधिकारलाई सुनिश्चित गर्ने र उनीहरुको सहभागितालाई प्रोत्साहन गर्ने नीतिको अभाव नै यसको प्रमुख कारण हो। सामुदायिक वनहरुमा कमजोर सुशासनको आरोप लागेको वर्तमान अवस्थामा रेडप्लसको प्रक्रियाद्वारा गरिब एवं दलित समुदायको फाइदा हुने अथाव नहुने कुरामा द्विविधा छ। स्थानीयस्तरमा गैरसमावेसी भेदभाव, शोषण, असमानता एवं हुकुमत जस्ता चुनौतीहरुलाई सम्बोधन नगर्ने हो भने दलित समुदायको लागि रेडप्लस फाइदाजनक नहुन सक्छ। साथै यसले आधारभूत उद्देश्यहरु पूरा गर्न पनि असक्षम हुन सक्छ।

रेडप्लसले कानुनी एवं नीतिगत संरचनाको विकास एवं कार्यान्वयनमा दलित समुदायको सहभागिता एवं वन स्रोतमाथिको अधिकार सुनिश्चित गर्न सक्यो भने मात्र रेडप्लस दलित समुदायहरुका लागि फाइदाजनक हुनेछ। जसका लागि सामाजिक सुरक्षाका निम्ति स्थानीय स्तरमा अनुगमन, प्रतिवेदन र प्रमाणीकरण हुन अनिवार्य छ। यसका साथसाथै कुनै पनि भुक्तानी प्रणालीको डिजाइन हुनुभन्दा अगाडि सम्बन्धित सरोकारवालाबीच यथेष्ट छलफल हुन पनि आवश्यक छ। यद्यपि सरकारले समन्वय एवं कार्यान्वयन गरेका रेडप्लसका सम्पूर्ण प्रक्रियामा नागरिक समाज संगठनहरुले निगरानीको भूमिका निर्वाह गर्नेछन्। सहयोगी निकायका साथै दातृनिकायका कार्यक्रमहरुमा दलित समुदायलाई समावेसी, क्षमता अभिवृद्धि एवं वकालत गर्न संयुक्त प्रयास गर्न सकियो भने मात्र रेडप्लस प्रभावकारी हुन सक्छ।

### रामरुप कुर्मी

***साझेदारी वन उपभोक्ता महासंघ, नेपाल (एकोफन)***



सरकार एवं सरोकारवालाले रेडप्लसका कार्यक्रमहरुलाई वनको सुशासनमा सुधारका साथै वन विनाश एवं क्षयीकरणलाई सम्बोधन गर्नको लागि प्रयोग गर्नसके मात्र रेडप्लस सान्दर्भिक हुन्छ। स्रोतमा हुने खानेहरुको पहुँच रहुन्जेलसम्म रेडप्लसको कार्यान्वयन चुनौतीपुर्ण नै हुने देखिन्छ। नेपालमा विभिन्न वन व्यवस्थापन भएका कारणले गर्दा प्रत्येक वन व्यवस्थापन क्षेत्रमा रेडप्लसको भुक्तानी प्रणाली फरक किसिमको हुन आवश्यक छ। वन संरक्षणको आवश्यकता एवं कार्बन सञ्चिति बढाउन सम्भव भएका क्षेत्रहरुमा मात्र कार्बन केन्द्रित भुक्तानी हुनुपर्छ। रेडप्लसको भुक्तानी प्रणालीको डिजाइन गर्दा स्थानीय सरोकारवालाको भूमीका एवं लगानीलाई मान्यता एवं सम्मान गर्दै बहुसरोकारवाला समितिको गठन गर्नुपर्छ। बाणिज्य तथा आपूर्ति मन्त्रालय एवं स्थानीय मन्त्रालयलाई क्रमानुसार स्थानीयस्तरमा समन्वयन गर्ने भूमिका दिनुपर्छ। रेडप्लसको तयारीलाई अझ समावेसी एवं सहभागीमूलक बनाउनको लागि रेड सेलको संरचनाका साथै यसले अनुशरण गर्ने प्रक्रियामा पनि सार्थक परिवर्तन ल्याउन आवश्यक छ।

तराईको वन व्यवस्थापनमा विभिन्न चुनौतीहरु छन्, तर सरकार यसको निम्ति गम्भीर भएको छैन। तराईका महत्वपूर्ण समस्यालाई सम्बोधन गर्नका लागि नै एकोफनको स्थापना भएको हो। यसको उद्देश्य, वनको अधिकारबाट वञ्चित भएका उक्त क्षेत्रका बासिन्दालाई वन हस्तान्तरण गरेर स्थानीय समुदायको वन स्रोतमाथिको अधिकारलाई स्थापित गर्नु हो। यसै

सन्दर्भमा एकोफनले राष्ट्रियस्तरमा नीति परिवर्तन र स्थानीय स्तरमा वन व्यवस्थापनका लागि जनचेतना एवं क्षमता अभिबृद्धिको लागि वकालत गरिरहेको छ । समान लाभांस सुनिश्चित गराउने उद्देश्यले एकोफनले विभिन्न नीतिगत फोरमहरुमा सहभागी हुन पनि कोसिस गरिरहेको छ ।

**कपिल अधिकारी**

***नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ, नेपाल (फेनफिट)***




रेडप्लस औद्योगिक राष्ट्रहरुको लागि आवश्यक छ, किनकि उनीहरुलाई यस प्रक्रियाद्वारा कार्बन उत्सर्जनको मात्रा घटाउनु छ । तर विकासोन्मुख राष्ट्र, जहाँ धेरै जनसंख्या गरिबीमा बाँचि रहेका छन्, त्यहाँ रेडप्लसभन्दा प्राकृतिक स्रोतहरु,जस्तै पानी एवं जंगलको उपयोग नै महत्वपूर्ण छ । अर्को रुपमा भन्नुपर्दा रेडप्लस विकसित राष्ट्रहरुको विकासोन्मुख राष्ट्रहरुमाथि गरिने शासन हो । यसले दिगो वन व्यवस्थापन एवं वनमा आधारित अर्थतन्त्रलाई बढावा दिन्छ कि दिदैन भन्ने कुरा अझैंहेर्न बाँकी नै छ ।

राष्ट्रिय एवं समुदायस्तरमा लाभांश बाँडफाँट प्रक्रियाको कुरा गर्नुभन्दा पहिला, रेडप्लसको भुक्तानी (आम्दानी) कार्यान्वयन लागतभन्दा धेरै हुन्छ कि हुँदैन भनेर आम्दानी खर्चको विश्लेषण (cost benefit analysis) गर्न आवश्यक छ । रेडप्लस फाइदाजनक देखियो भने मात्र सम्बन्धित सरोकारवालाहरुका सवाललाई सम्वोधन गर्नका लागि समावेसी बहुसरोकारवाला प्रक्रियाको डिजाइनका साथै सुरुवात पनि गर्न सकिन्छ, जसमा सरकारले समन्वयकर्ता एवं सहजकर्ताको भूमिका खेल्न सक्छ । रेडप्लसको भुक्तानी पद्धतिको सन्दर्भमा छुट्टै कोषको व्यवस्था नै उपयुक्त हुन्छ । उक्त कोष, बहुसरोकारवाला प्रक्रियाबाट निर्माण हुने र दुई तहमा हुनु जरुरी छ । एउटा तह राष्ट्रियस्तरमा र अर्को स्थानीयस्तरको (जिल्ला) तहमा । स्थानीय स्तरका रेडप्लसको भुक्तानी सुनीश्चित गर्नका लागि यस्तो खालको संरचना प्रभावकारी हुन सक्छ । वन व्यवस्थापन फेनफिटका चासोको विषय हो किनभने वन उद्यमीको अस्तित्व एवं दिगोपनको लागि दिगो वन व्यवस्थापन अत्यन्त आवश्यक छ ।

**कृष्णमुरारी भण्डारी**

**स्वतन्त्र पत्रकार**



रेडप्लसलाई नेपालीहरुले अतिरिक्त लाभको रुपमा लिन सक्छन् । तर यसको अर्थ कसैले सित्तैमा पाउँछ भन्ने चाँहि होइन । योसँग जोडिएका दायित्व पनि छन् । वास्तविक वन व्यवस्थापकलाई फाइदा पुगोस् भन्ने उद्देश्यले उपयुक्त योजनातर्फ भने विचार गर्नुपर्छ । रेडप्लस नीति बनाउँदा देशको आर्थिक एवं गरिबीको अवस्थालाई प्रमुख एजेन्डाका रुपमा विश्लेषण गर्न आवश्यक छ ।रेडप्लसको छलफल सुरु गर्न नेपाललाई कुनै आर्थिक ऋण नलागे पनि सरकारले कार्यक्रम लागू गर्दा सतर्क भने हुनुपर्छ ।

नेपालको लागि रेडप्लस, “काम गर्ने कालु मकै खाने भालु” जस्तो भयो भने त्यसले राष्ट्रलाई फाइदा पुऱ्याउँदैन । स्थानीय स्तरमा लाभान्स समान एवं निष्पक्ष ढंगले पुऱ्याउनको लागि राष्ट्रिय एवं अन्तराष्ट्रियस्तरमा विभिन्न चरणहरुमा छलफल भइरहेका छन् तर ती प्रत्येकसँग आ-आफ्नै चुनौतीहरु पनि छन् । नेपालको वर्तमान विकास प्रक्रिया हेर्दा कुल लगानीको १०-१५% मात्र समुदायमा पुग्ने देखिन्छ र बाँकी रकम माथि नै खर्च हुने देखिन्छ । राष्ट्रियस्तरमा सरकारको मध्यमबाट हुने भुक्तानी प्रणाली विश्वश्नीय छैन । त्यसैले त्यो अप्रभावकारी छ र भ्रष्टाचारले जरो गाडेको छ । अर्को तर्फ रेडप्लस प्रक्रियामा बिचौलियाहरुलाई संलग्न गराउने हो भने पनि यसको मुख्य भाग यिनीहरुले चापचुप पार्छन् । यस को उदाहरण नेपालको कृषि क्षेत्रमा स्पष्ट रुपमा देख्न सकिन्छ, जहाँ बिचौलियाहरुको असर स्थानीय कृषकहरुले नराम्रोसँग ठगिएर भोगिरहेका छन् । त्यसैले रेडप्लस भुक्तानीमा पनि त्यस्तै अवस्था आउन नदिन सचेत हुनुपर्छ ।

रेडप्लस कार्यान्वयन त छँदैछ, रेडनीति योजना बनाउँदादेखि नै सञ्चार माध्यमलाई केवल समाचार रिपोर्टिङ दिने रुपमा हेरिन्छ । केवल समाचार प्रकाशन गर्नका लागि मात्र सञ्चारमाध्यम प्रयोग भएका छन् । रेडप्लसजस्तो प्राविधिक र वैज्ञानिक विषयबारे बुझ्ने र केलाउने अध्ययन तालिम नपाइकन पत्रकारले यो विषयको

भित्री कुरा थाहा पाउन सक्दैन । सञ्चार माध्यमलाई केवल रिपोर्टरभन्दा पनि विषयज्ञाता बनाउनु पर्छ । त्यसैले कुनै पनि परियोजनाको योजनादेखि स्रोतको बाँडफाँटसम्मका प्रत्येक खण्डमा पत्रकारलाई सहभागी गराउन सक्यो भने मात्र पत्रकारले राज्यको चौथो अंगको रुपमा भूमिका निर्वाह गर्न सक्छ । नेपालमा रेडप्लसको सफलता र विफलतामा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण छ ।

## विश्लेषण/संश्लेषण

यस खण्डमा उत्तरदाताहरुका विचारलाई संक्षेपमा विश्लेषण गरिएको छ । नेपालको रेडप्लसको सन्दर्भमा, सरोकारवालाहरुका फरक-फरक मत-अभिमत रहेका छन् । तर, पनि उनीहरु वन व्यवस्थापनका कार्यहरु सञ्चालन गर्दा समुदाय तथा सरकारलाई फाइदा पुग्नुपर्छ भन्ने कुरामा भने एकमत छन् र अन्य सहभागीहरु पनि यस कुरामा सहमत छन् । स्थानीय समुदाय जनजाति र सीमान्तकृत समुदायको अधिकारलाई प्रर्वद्धन गर्दै यसका फाइदाहरुको उचित हिस्सा उनीहरुले प्राप्त गर्न सकेमा मात्र रेडप्लस नेपालमा सान्दर्भिक हुनेछ । तसर्थ, स्थानीय वन व्यवस्थापकका बीचमा समानुपातिक फाइदा सुनिश्चित गर्ने किसिमले रेडप्लसको डिजाइन गर्न सकियो भने मात्र यसले देश र जनतालाई फाइदा पुग्ने देखिन्छ ।

यसैगरी नेपालका वन व्यवस्थापकहरुमा स्थायित्व, चुहावट, कार्बन मापनका साथै अन्य प्राविधिक कार्यहरु गर्ने क्षमताको अभाव छ भनेर पनि बहसहरु भएका छन् । यस धारणाअनुसार रेडप्लस विकासोन्मुखभन्दा पनि विकसित राष्ट्रहरुको हितमा रहेको देखिन्छ । धनी देशहरुको गरिब देशहरुप्रति वर्चस्व कायम गर्नका लागि यो योजना ल्याएको जस्तो देखिन्छ । यसले वन स्रोतलाई जीविका एवं विकाससम्बन्धी कार्यहरुको लागि उपयोग गर्न निरुत्साहित गरेको छ । सैदान्तिक रुपमा रेडप्लस ठिकै देखिए तापनि व्यवहारिक रुपमा भने यो विश्वसनीय देखिँदैन । यस हिसाबले, नेपालमा रेडप्लसको सन्दार्भिकताकाबारेमा बहस गर्नका लागि समय निकै छिटो भएकाले यसका फाइदाहरु वास्तविक कार्यान्वयनपछि मात्र एकिन हुनेछन् ।

बर्तमान रेडप्लस प्रक्रियाले सामावेसी, सहभागी, क्षमता अभिवृद्धि जस्ता चुनौतीहरुलाई सम्बोधन गर्न सक्छ कि सक्दैन भन्ने प्रश्नमा धेरैजसो सरोकारवालाले चुनौतीहरुलाई सम्बोधन गर्ने सम्भावना कम रहेको बताएका थिए । नागरिक समाजका प्राय सरोकारवालाले सहभागी, समावेसी, क्षमता अभिवृद्धि एवं रेडप्लसको निर्णायक प्रक्रियामा उनीहरुको भूमिकालाई पर्याप्त सम्बोधन नगरेकोमा औंला ठड्याएका छन् । उनीहरुका अनुसार रेडप्लस प्रक्रियाले महिला, दलित तथा गरिबहरुको संलग्नतालाई उत्प्रेरित गर्दैन । उनीहरुको लागि त्यस्ता खालका चुनौतीहरु सम्बोधन गर्नु अनिवार्य हुँदै गइरहेकोछ । अझ रेडप्लस प्रक्रियालाई महिला, जनजाति एवं अन्य समुदायको आकांक्षालाई पूर्ण रुपमा सम्बोधन गर्न नसकेको रुपमा लिइएको छ । यसलाई पारदर्शी, समाबेसी तथा सहभागीमूलक बनाउन अझ प्रशस्त कार्यहरु गर्नुपर्ने देखिन्छ ।

सरोकारवालाले रेडप्लसको भुक्तानी प्रणालीका साथै भुक्तानीको आधारका विषयमा पनि समान धारणा राखेको देखिन्छ । छुट्टै कार्बन कोषको व्यवस्था हुनुपर्ने र बहुसरोकारवाला प्रक्रियाको माध्यमबाट एकृकीत रुपमा नियन्त्रण, सञ्चालन हुनुपर्ने, खर्चमा न्यूनीकरण, दुई तहमा कोषको सञ्चालन (राष्ट्रिय एवं स्थानीय स्तरमा) हुनुपर्नेमा उनीहरुले सहमति जनाएका छन् । यस प्रक्रियामा वन व्यवस्थापकहरुले फाइदा पाउने कुरा सुनिश्चित हुनुपर्छ । उनीहरुको विचारमा कार्बन अभिवृद्धिका साथै कार्बन सञ्चिती, र वन फँडानी एवं क्षयीकरण रोक्ने कार्य, परम्परागत कार्बन असंवेदनशील उर्जाबाट बैकल्पिक उर्जाका उपायहरु, गरिब तथा सीमान्तकृत समुदायको जीविकामा सुधार ल्याउने प्रयासलाई भुक्तानीको आधार बनाउनुपर्छ । अन्त्यमा, सबै सरोकारवालाहरुले निश्चित सुझाव दिएका छन्, जसले रेडप्लसको सफलताका लागि योगदान पुऱ्याउने छ । यी सुझावहरुमा अनेक छन्- जनचेतनाको विकास, क्षमता अभिवृद्धि, रेडप्लसको नीतिगत प्रक्रियामा सहभागिता, सीमान्तकृत समुदायको अधिकारको लागि वकालत एवं समान लाभांश बाँडफाँट ।

## सन्दर्भ सामग्री


**Angelsen, A. and McNeill, D.** 2012. The Evolution of REDD+. In: A. Angelsen, M. Brockhaus, W.D. Sunderlin, and L.V. Verchot (Eds.), *Analysing REDD+: Challenges and Choices*, CIFOR, Bogor, Indonesia.

**Angelsen, A., Brockhaus, M., Sunderlin, W.D. and Verchot, L.** 2012. *Analysing REDD+: Challenges and Choices*. CIFOR, Bogor, Indonesia.

**Busch, J., Godoy, F., Turner, W.R. and Harvey, A. 2010.** Biodiversity Co-benefits of Reducing Emissions from Deforestation under Alternative Reference Levels and Levels of Finance. *Conservation Letters*, **1**(2).

**CBD**. 2010. REDD-plus and Biodiversity Benefits. Convention of Biological Diversity, UNEP/CBD/WS-REDD 1/2 - A Background Document for Global Experts, Workshop on Biodiversity of REDD, 20-23 September, 2010, Nairobi.

**Goldtooth, T.B.K.** 2010. *Why REDD/REDD+ Is NOT a Solution. No REDD: A Reader* (http://noredd.makenoise.org/wp-content/uploads/2010/REDDreaderEN.pdf accessed on 29 July 2013)

**Graham, K.** 2012. *REDD+ and Adaptation: Will REDD+ Contribute to Adaptive Capacity at the Local Level?* Overseas Development Institute. (http://redd-net.org/files/REDD%20ADAPTION%20LONG%20-%20MASTER%20final.pdf accessed 21 July 2013)

**Hansen, C.P., Lund, J.F. and Treue, T.** 2009. Neither Fast nor Easy: the Prospect of Reduced Emissions from Deforestation and Forest Degradation (REDD) in Ghana. *International Forestry Review*, **11**(4): 439-455.

**Khatri, D.B. and Paudel, N.S.** 2013. Is Nepal Getting Ready for REDD? An Assessment of REDD+ Readiness Process in Nepal. Discussion Paper. Kathmandu: ForestAction Nepal.

**Phelps, J., Webb, E.L. and Agrawal, A.** 2010. Does REDD+ Threaten to Recentralize Forest Governance? *Science*, **328**: 312-313.

**Purnomo, H., Suyamto, D., Abdullah, L. and Irawati, R.H.** 2012. REDD+ Actor Analysis and Political Mapping: An Indonesian Case Study. *International Forestry Review*, **14**(1): 74-89.

**Romijn, E., Herold, M., Kooistra, L., Murdiyarso, D. and Verchot, L.** 2012. Assessing Capacities of Non-Annex I Countries for National Forest Monitoring in the Context of REDD+. *Environmental Science and Policy*, **19-20**: 33-48.

**Silori, C.S., Frick, S., Luintel, H. and Poudyal, B.H.** 2013. Social Safeguards in REDD+: A Review of Existing Initiatives and Challenges. *Journal of Forest and Livelihood*, **11**(2).

**Skutsch, M. and De Jong, B.H.J.** 2010. The Permanence Debate. *Science*, **327**: 1079.

**Stern, N.** 2006. The Stern Review: The Economics of Climate Change. Cambridge University Press.